Email:info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np

# सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## बुङ्चुङ, धादिङ
## बागमती प्रदेश, नेपाल ।

आ.व.: २०८०/०८१
च.नं. : ११४८

मिति २०८०।०९।२३

श्री सम्बन्धित सरोकारवाला सबै
सिद्धलेक गाउँपालिका, धादिङ

**विषयः जानाकारी सम्बन्धमा ।**

सिद्धलेक गाँउपालिका र समग्र देशको विकासका लागि लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्थानीय नागरिकहरुको सदाचार, समयानुकूल ज्ञानको बृद्धिका लागि शैक्षिक स्तरको असमानतालाई न्यूनीकरण गरी शिक्षाको गुणस्तरीयतामा पहुँच कायम गर्न स्थापना भई सञ्चालन भइरहेका र गाँउ क्षेत्रभित्र स्थापना हुने विद्यालयको व्यवस्थापकीय सुधार गर्न युगानुकूल सीप र प्रविधिसहित शैक्षिक विकास गर्न वाञ्छनीय भएकाले सिद्धलेक गाँउपालिको सभाले नेपालको संविधान र स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम सिद्धलेक गाउँपालिका शिक्षा ऐन २०७५ बनाई कार्यान्वियन गरिरहेको अवस्था छ ।

सिद्धलेका गाउँपालिका शिक्षा ऐनलाई समय सापेक्ष बनाउने र विद्यालयहरुमा शैक्षिक गुणस्तर ल्याउने कुरालाई मध्यनजर गर्दै समय समयमा संशोधन समेत गर्दै आएको कुरा सर्वविदितै छ । त्यसै अनुरुप सिद्धलेक गाउँपालिकाको गाउँसभाले सिद्धलेक गाउँपालिका शिक्षा ऐन २०७५ को तेस्रो संशोधन मिति २०८०।०३।२५ गतेको सभाले स्वीकृत गरेको छ । यस संशोधित ऐनले सिद्धलेक गाउँपालिका शिक्षा ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७७ र संशोधित ऐन २०७९ मा समेत भएको परिच्छेद ४ को दफा १५ मा रहेको गाउँ शिक्षा समितिका सदस्यहरुको गठन र परिच्छेद ५ विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्थामा दफा २० को विद्यालय व्यवस्थापन समिति सदस्य तथा अध्यक्ष गठन तथा मनोनित हुने प्रक्रियामा परिवर्तन गरिएकोले हाल विद्यामान रहेको विद्यालय व्यवस्थापन समतिहरु र गाउँ शिक्षा समितिको समयावधि रहदाँरहदै यी समितिहरु काम चलाउ भएको हुँदा सम्पुर्ण सामुदायिक विद्यायहरुले विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया सिद्धलेक गाउँपालिका शिक्षा ऐन २०७५( तेस्रो संशोधन २०८०) अनुसार छिटोभन्दा छिटो गठन गरी विद्यालयहरुका काम कारवाहिलाई सहज बनाउन सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

हाल सम्म विद्यालय व्यवस्थापन समिति र गाउँ शिक्षा समितिमा रहेर सरकारका कामकारबाहीलाई प्रत्यक्ष तथा परोक्ष सहयोग पुर्याउनुहुने शिक्षक, अभिभावक, शिक्षा प्रेमी, विभिन्न राजनैतिक दलका प्रतिनिधि र समग्र सिद्धलेक बासीहरुलाई धन्यवाद दिन चाहान्छौ । साथै आगामी दिनहरुमा समेत सहयोग समन्वय र आपसी समझदारीका साथ अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु ।

..........................
(परशुराम खतिवडा)
अध्यक्ष
सिद्धलेक गाउँपालिका

परशुराम खतिवडा
अध्यक्ष

Scanned with CamScanner